# ECHO OF HIS CALL

# बोलावटको प्रतिध्वनि

NEPALI

India's National Spiritual Newspaper

₹ 10/-

REACHING NATIONS

Published monthly in ENGLISH, TAMIL, MALAYALAM, TELUGU, HINDI, KANNADA, MARATHI, BENGALI, GUJARATI, ODIYA, ASSAMESE, PUNJABI, NEPALI, URDU, SINHALA & AFRIKAN

Editor : S. SAM SELVA RAJ

16 Languages

Associate Editors : Bro. BHUVAN DEVKOTA
Bro. RAJ KUMAR BHANDARI

Vol. XXV — YEAR OF OUR LORD JESUS CHRIST, 2025 AUGUST — No. 08


**पवित्र बाइबल**

**कृपया यो खण्ड कण्ठ गर्नुहोस्।**

**भजनसंग्रह ३७:१-८**

१. दुष्टहरूलाई देखेर झर्को नमान, कुकर्मीहरूप्रति डाही नहोऊ,

२. किनकि तिनीहरू चाँडै घाँसझैं सुकिजानेछन् र हरिया बिरुवाजस्तै ओइलिजानेछन् ।

३. परमप्रभुमा भरोसा राख र भलाइ गर, त्यसरी देशमा रहेर सुरक्षाको उपभोग गर्नेछौ ।

४. परमप्रभुमा आनन्दित होऊ र उहाँले तिम्रो मनोरथ पूर्ण गर्नुहुनेछ ।

५. आफ्नो मार्ग परमप्रभुलाई सुम्प, उहाँमा नै भरोसा राख अनि उहाँले यो गर्नुहुनेछ:

६. उहाँले तिम्रो धार्मिकता प्रभातझैं ज्योतिसमान र तिम्रो मामिलाको न्याय मध्यदिनको सूर्यसमान पार्नुहुनेछ ।

७. परमप्रभुको सामुन्ने मौन बस र धैर्यपूर्वक उहाँको प्रतीक्षा गर । मानिस आफ्ना कुमार्गमा फलिफाव हुँदा र त्यसले खराब युक्तिहरू कार्यान्वयन गर्दा तिमी झर्को नमान ।

८. रिसाउन छोड र क्रोधलाई त्याग। झर्को नमान, यसले खराबी गर्नेतिर मात्र ढल्काउँछ ।

# फल फलाउन स्वतन्त्र

## FREEDOM TO BEAR FRUIT !

बहिनी एन्जल



**प्रिय बोलावटको प्रतिध्वनिका** फैलिएर रहनुभएको परिवार,

हाम्रो देशको ७५ औं स्वतन्त्रता दिवशको अवसरमा तपाईं हरेकलाई अभिवादन ।

आज, हामीले असंख्य सहिदरूलाई कृतज्ञताका साथ आदर गरेका र सम्झेका छौं, जसले आफ्नो जीवन नि:स्वार्थ रूपमा दिए ताकि हामीले स्वतन्त्रताको आशिष्मा आनन्द गर्न सकौं। जसै म यो विषयमा मनन गर्छु, म अत्यन्तै महान् स्वतन्त्रताको बारेमा सम्झन्छु- जुन हाम्रो निम्ति प्राप्त गर्न येशू ख्रीष्टले लड्नुभएको थियो ।

पवित्रशास्त्रले सिकाउँछ कि **हामील एक पल्ट पापका दास थियौं** (रोमी ६:२०)। प्रेरित पावलले यसलाई रोमी ७:२४ मा पीडादायी रूपमा अभिव्यक्त गरेका छन्: **हाय, म कस्तो दु:खी मानिस । यस मृत्युको शरीरबाट मलाई कसले छुटाउला** ? यो पावलको अवस्था मात्रै थिएन- यो सबै मानिस जातिको अवस्था थियो । हामी उद्धारबिना आशाहीन थियौं ।

तर येशू ख्रीष्ट हाम्रो संसारमा प्रवेश गर्नुभयो, कलवरीको क्रूसमा आफ्नो जीवन दिनुभयो र विजयमा तेस्रो दिन बौरिउठ्नुभयो। उहाँको मृत्यु र पुनरुत्थानद्वारा उहाँले पाप, श्राप र मृत्युमाथि विजय प्राप्त गर्नुभयो- निडरतापूर्वक घोषणा गर्दै, ए मृत्यु, तेरो खील कहाँ ? हामीलाई साँचो र अनन्त स्वतन्त्रता दिँदै उहाँ सिद्ध बलिदान बन्नुभयो ।

*बाँकी पृष्ठ ३ मा*


बोलावटको प्रतिध्वनि- यूट्यूब च्यानल



**यूट्यूब ख्रीष्टियान च्यानल**

तपाईंले पा. एस. साम सेल्भाराजसँग प्रार्थना गर्ने अवसर पाउनुहुनेछ ।

**५ मिनेटको सन्देश**

**अंग्रेजी र हिन्दी, तामिल र तेलगू**

**हरेक दिन: बिहान २ बजे देखि**

**तामिल आइतवार सेवा: बिहान ८:३० बजे**

*** Please Subscribe and Share ***

बोलावटको प्रतिध्वनि सन् १९६९-२०१९ स्वर्णजयन्ती वर्ष



# तपाईंको प्रिय भाइबाट....

REACHING NATIONS



## हाम्रो मिसन नीति

हामीले प्राचीन र प्रेरित पावलको समयको सम्झौता नगरिएको शिक्षा आधुनिक पुस्तालाई व्याख्या गर्नुपर्ने र शिक्षा दिनुपर्छ । यो आवश्यकताको घडी हो ।


HON. EDITOR-IN-CHIEF

Rev. Angeline S. Kumari, M.A., M.Sc., M.Ed.

EX MANAGING EDITOR

Pastor Alex Samson Sam, B.Th., M.Div.

GENERAL MANAGER

Bro. N. Prakasam, M.A., M.Sc.(C&P), PGDHRM, MBA.

ADMINISTRATION

Sis. Jesy Veena Sam
Adv. K. Puratchivendan, M.Com., C.A., B.L.
Dr. P.E.R. Premchand, M.Sc., M.A., M.Ed., Ph.D.
Dr. C.G.S. Baburao, B.Tech., M.Tech. (DM), Ph.D.
Dr. Rabinder Boaz, M.S. (CMC)

EDITORIAL BOARD

Dr. Serena Bevin, M.A., M.Phil., B.Ed.
Sis. Sajini Cherian
Rev. Dr. K.R. Rajasekaran
Rev. Dr. William Robert, Ph.D., DD, D.Lit.



EDITOR, PUBLISHER & PRINTER

Pastor S. SAM SELVA RAJ
Echo of His Call Printers
10, Mohammed Abdullah 2nd Street,
Chepauk, Chennai- 600 005, India.
Phone : (+ 91- 44) 2852 8282, 2852 9293, 2854 7766
Cell : (+91) 98410 71852, 98412 71858
95661 31858

E.MAIL

sam@echoofhiscall.org
biblecor@yahoo.co.in

WEBSITES

www.echoofhiscall.org
www.stpaulsmatriculation.org

YOUTUBE CHANNEL

Echo of His Call


परमप्रभु मेरो गोठालो हुनुहुन्छ, मलाई केहीको अभाव हुँदैन (भजनसंग्रह २३:१)।



## सेवकाइ ५७ औं वर्षमा प्रवेश गर्दै

हाम्रो प्रभु र मुक्तिदाता येशू ख्रीष्टको नाउँमा प्रशंसा ।

परमेश्वरको अनुग्रही निगाहद्वारा मैले सात वर्षको उमेरमा उहाँको सेवकाइमा सेवा गर्ने चाहना प्राप्त गरेको थिएँ ।

यस्तो लेखिएको छ,

**किनकि तिमीहरूलाई उहाँको असल अभिप्रायअनुसार इच्छा गर्ने र काम गर्ने दुवै तुल्याउनलाई परमेश्वर तिमीहरूमा काम गर्नुहुन्छ** (फिलिप्पी २:१३) ।

यो ईश्वरीय बोलावट सबैभन्दा पहिले दक्षिण भारतको नेयूर मण्डली- नेल्लाराइकोनामा भएको मेरो घरको मण्डलीमा जरा गाडिएको थियो । त्यो समयदेखि परमेश्वरले मलाई संसारका भ्रष्ट प्रभावहरूबाट विश्वासयोग्यपूर्वक जोगाइरहनुभएको छ र निरन्तर उहाँको सेवकको रूपमा बनाउँदै र तालिम दिनुभएको छ । परमेश्वरको प्रेम मेरो जीवनभरि भएका थोकभन्दा पर्याप्त छ । मेरा आफ्ना चाहनाले जीवन बनाउने कुरा मलाई प्रदान गर्नुको साटो उहाँले प्रेमिलो रूपमा मलाई सुधार गर्नुभयो र अनुशासित बनाउनुभयो, उहाँको छोरा र उहाँको सेवक दुवै मलाई बनाउनुभयो ।

**ताडनाको निम्ति नै तिमीहरू कष्ट सहन्छौ । परमेश्वरले तिमीहरूसँग छोरालाई झैं व्यवहार गर्नुहुन्छ । किनकि बाबुले ताडना नदिएको कुनचाहिँ छोरा हुन्छ र ?** (हिब्रू १२:७)



यात्रा सजिलो थिएन । मैले हिँडेको मार्ग मानिसको शक्तिभन्दा टाढा रहेको परीक्षा र कठिनाइले प्रायः भरिएको थियो । तापनि, उहाँको कामखा ढल्कने आशिषित अवसर मैले पाएको थिएँ र ती समयमा, जीवनका अत्यन्तै कठिन समस्याहरूबाट उहाँको काँधमा बोकिएको पनि । मेरो हृदयमा कुनै शंका छैन- परमेश्वर असल हुनुहुन्छ । उहाँको लठ्ठी र लहुरोले मलाई निरन्तर सान्त्वना दिएको थियो ।

सेवकाइको विगतको ५६ वर्षभरि प्रभुले मलाई अनगिन्ती सम्झना र अर्थपूर्ण अनुभव प्रदान गर्नुभएको छ । उहाँको नाप्न नसकिने अनुग्रहद्वारा १० अगस्त २०२५ मा असल शारीरिक र आत्मिक स्वास्थ्य र असल गवाहीको साथमा अब म सेवकाइको ५७ औं वर्षमा प्रवेश गरेको छु ।

***पहिलो शताब्दीको मण्डलीका खँदिलो प्रेरितीय सिद्धान्तहरू वर्तमान पुस्तालाई प्रचार गर्ने सिद्धान्त पछ्याउँदै ।***

हाम्रो **बोलावटको प्रतिध्वनिका सेवकाइहरू** बिना कुनै अधिक खर्च र बिना कुनै अचानक आर्थिक बिस्तारको साथमा निरन्तर संचालन भइरहेको छ । हामी आफ्नो दर्शन र बोलावटमा निरन्तर समर्पित रहेका थियौं, परमेश्वरको कायम राख्ने अनुग्रहद्वारा मात्रै ।

सम्पूर्ण महिमा उहाँलाई मात्रै ।

Our Ministries: ECHO OF HIS CALL Monthly Magazines (16 languages) BIBLECOR - Postal Courses (3 languages) YouTube Ministry Online Courses Theological Correspondence Courses (2 languages) Church Planting Nehemiah Bible Colleges Gospel Printing Press Great Commission Partners St. Paul's Matriculation School Crusades Community Development

## हाम्रा वर्तमान सेवकाइहरू:

१. २४ घण्टे प्रार्थना सहायता
२. मण्डली स्थापना
३. **बोलावटको प्रतिध्वनि-** १६ वटा भाषाहरूमा प्रकाशन हुने मासिक समाचारपत्र
४. **बाइबलकोर-** हुलाकबाट आधारभूत बाइबल पत्राचार कोर्स, ३ भाषामा उपलब्ध
५. **ईश्वरशास्त्रीय पत्राचार कोर्स-** २ वटा भाषामा उपलब्ध
६. **नहेम्याह बाइबल कलेजहरू-** चेपकाउ, सान्थोसापुरम र भेलाचेरीमा आवासीय भवनहरू
७. सुसमाचार प्रकाशन छापाखाना
८. **सेन्ट पावलस् मेट्रिकुलेसन स्कुल-** गाउँमा आधारित हाई स्कुल
९. सेमिनारहरू
१०. सुसमाचारीय बैठकहरू
११. **बोलावटको प्रतिध्वनि यूट्यूब सेवकाइहरू**
१२. सामाजिक आउटरीच र सेवा

परमप्रभुको निम्ति ठूला काम गर्ने र निरन्तर परिश्रम गर्न म निरन्तर चाहना गर्दछु, मैले सबै तरिकामा केहीलाई बचाउन सकूँ (१ कोरिन्थी ९:२२) र परमप्रभुको निम्ति मानिसहरूलाई तयार पार्न सकूँ (लूका १:१७) भनेर संघर्ष गर्दै ।

यो यात्रामा असफलता, कठिनाइ, कष्ट, कमजोरी, गल्ती र गहन एक्लोपनाको क्षण समावेश भएको भए पनि ममा परमेश्वरको शक्तिशाली हातको शक्तिबाट काममा निरन्तर शक्ति पाएको छ। हरेक चुनौतीको बीचमा उहाँ नै मेरो मार्गनिर्देशक, उपलब्धकर्ता, विश्वासिलो मित्र र अपरिवर्तनशील तारणहार हुनुहुन्छ ।

मसँगै खडा हुनुभएका सबैलाई- दुवै आनन्द र पीडामा- हरेक असल वरदानको साथमा परमेश्वरले तपाईंलाई प्रशस्त आशिष् देऊन् । परमप्रभुले उहाँको महिमित मिसनको निम्ति धेरैभन्दा धेरै सहकर्मीहरू र सहयोगीहरू खडा गर्नुहुनेछ भनेर म निरन्तर प्रार्थना गर्दछु ।

**जब अन्धकारले मलाई घेर्छ, हे परमप्रभु, तपाईंको उपस्थिति मसँग रहन्छ ।**

**म अनाथझैं भौतारिन्छु- तापनि तपाईंले मलाई अङ्गाल्नुहुन्छ ।**

**१. उजाडस्थानबाट हिँड्दै गर्दा तपाईंले मलाई बचाउनुहुनेछ । मार्ग कठिन र गाह्रो भए पनि तपाईंले आफ्नो अनुग्रहको साथमा सान्त्वना दिनुहुनेछ ।**

**२. माराहको पानी मीठो बनाइएको छ- मेरो अपरिवर्तनशील हुनुभएको प्रिय मेरो आफ्नै येशू, येशू बन्नुभएको छ । तपाईंले आफ्नो शक्तिशाली बाहुलीको साथमा गरिबलाई सम्हाल्नुहुनेछ ।**

**३. जब मेरा गोडा चिप्लन्छन्, तपाईंको अनुग्रहले मलाई बचाउनुहुन्छ । तपाईंले मेरो शिर अभिषेक गर्नुहुनेछ र मलाई उचाल्नुहुनेछ ।**

परमेश्वरको अनुग्रह तपाईंसबैसँग रहून् । आमेन ।

उहाँको सेवामा,

*पा. एस. साम सेल्भाराज*

इमेल: sam@echoofhiscall.org

*पृष्ठ १ बाट*

यो सत्य हो । अनि येशू ख्रीष्टले भन्नुभयो, ...**बाटो, सत्य र जीवन म नै हुँ...** (यूहन्ना १४:६) । उहाँले घोषणा पनि गर्नुभयो, ... **तिमीले सत्यता थाहा गर्नेछौ र सत्यताले तिमीलाई स्वतन्त्र पार्नेछ** (यूहन्ना ८:३२) । त्यो सत्यता येशू ख्रीष्ट आफैं हुनुहुन्छ ।

अब हामीले यो महिमित स्वतन्त्रता प्राप्त गरेका छौं, हामीले यसको साथमा के गर्छौं त ?

येशू ख्रीष्टले यसको जवाफ यूहन्ना १५:१६ मा दिनुभएको छ: **मलाई तिमीहरूले चुनेनौ तर मैले तिमीहरूलाई चुनें र तिमीहरूलाई नियुक्त गरें कि तिमीहरू जाओ र फल फलाओ, अनि तिमीहरूको फल रहिरहोस्... ।**

येशू ख्रीष्टमा भएको हाम्रो स्वतन्त्रता उहाँको महिमाको निम्ति रहिरहने फल फलाउन प्रयोग गरौं ।

त्यसकारण, येशू ख्रीष्टले हामीलाई स्वतन्त्रता प्रदान गर्नुभएको छ भनेर हामीले बुझ्छौं, तापनि, त्यो स्वतन्त्रताबाट फल फलाएको उहाँले हामीबाट अपेक्षा पनि गर्नुहुन्छ ।

## १. उहाँमा रहने

उहाँमा रहेर मात्रै हामीले साँचो रूपमा फल फलाउन सक्छौं । बाइबलले सिकाउँछ:

...**कोही ममा रह्यो भने र म त्यसमा रहें भने त्यसले धेरै फल फलाउँछ किनकि मबाट अलग रहेर तिमीहरू केही गर्न सक्दैनौ** (यूहन्ना १५:५) ।

यसले स्पष्ट रूपमा फलदायी जीवनमा भएको बोलावटलाई समावेश गर्दछ ।




## अत्यन्तै जरुरी सूचना

निकट भविष्यमा बोलावटको प्रतिध्वनिको हुलाक वितरणमा रोक्नै नसकिने व्यवधान आउन सक्ने भएको छ । तपाईंले बिना कुनै रोकावट बोलावटको प्रतिध्वनि निरन्तर प्राप्त गरिरहन चाहना गर्नुहुन्छ भने कृपया हामीलाई तपाईंको नाम, ठेगाना, इमेल र ह्वाटसएप नम्बर पत्र, इमेल, फोन कल वा एसएमएस वा ह्वाटसएप सन्देशबाट तुरुन्तै पठाउनुहोला ।

तपाईंलाई अझ राम्रो गरी सेवा गर्न तपाईंको सहायोगले हामीलाई सहायता गर्दछ ।

**हाम्रो ठेगाना:**

**बोलावटको प्रतिध्वनि**
10, Mohammed Abdullah 2nd Street, Chepauk, Chennai-600 005, India
Cell: (+91) 98412 71858 / 98410 71858 E.mail: sam@echoofhiscall.org

**फलदायी**

जब हामी उहाँमा रहन्छौं, हामी फलदायी बन्छौं ।




*Apart from me you can do nothing (john 15:5). This stark declaration reminds us that branches survive only by remaining connected to their source.*

यो चित्रले सम्पर्कबाट फलदायीसम्मको प्रगतिलाई पिरामिडको रूपमा प्रतिनिधित्व गर्दछ ।

### (क) सम्पर्क

सम्पर्कले ख्रीष्टसँगको हाम्रो आधारभूत सम्बन्धलाई संकेत गर्दछ । यो औपचारिक सम्बन्ध होइनतर महत्वपूर्ण, जीवन दिने टँसाइ हो । येशू ख्रीष्टले यसलाई बाँकी रहेको वा रहने रूपमा वर्णन गर्नुहुन्छ- शब्द, जसले स्थायी, घनिष्ट र निरन्तर रहने भरलाई बताउँछ ।

### (ख) पोषण

दोस्रो स्तर, पोषणाले हाम्रो सम्पर्कबाट के बग्दछ भनेर प्रदर्शन गर्दछ । जसरी हाँगाले तरल पदार्थ, पोषणहरू र पानी दाखको बोटबाट पाउँछ, त्यसरी नै हामीले येशू ख्रीष्टबाट आत्मिक स्रोतहरू प्राप्त गर्छौं- उहाँको बुद्धि, सामर्थ्य, प्रेम र अनुग्रह । यो पोषण स्वत: हुँदैन, यसलाई हाम्रो भागमा भएको सक्रिय खुल्लापनाको आवश्यकता हुन्छ ।

### (ग) प्रशस्त फल

सबैभन्दा माथि प्रशस्त फलले यो जोडिएको सम्बन्धबाट प्राकृतिक रूपमा आएको परिणामलाई प्रतिबिम्बित गर्दछ । मानिसको प्रयास वा हाम्रो संघर्षको परिणामचाहिँ फल होइन तर ख्रीष्टसँगको स्वस्थ एकताबाट जैविक रूपमा बहन्छ । यस फलमा दुवै चरित्र रूपान्तरण (गलाती ५:२२-२३) र प्रभावकारी सेवकाइ समावेश हुन्छ ।

त्यसकारण, फल फलाउन हामी परमेश्वरमा निरन्तर सम्बन्धमा हुनुपर्छ । तर एउटा सम्बन्धभन्दा पनि धेरै यूहन्ना १५:५ ले मुक्तिदातामा हाम्रो पूर्ण निर्भरतालाई जोड दिन्छ । येशू ख्रीष्टले भन्नुभएन, मबिना तिमीले केही काम गर्न सक्छौ वा तिमी कम प्रभावकारी हुनेछौ । उहाँले भन्नुभयो, केही पनि गर्न सक्दैनौं । उहाँको जीवनमा हाम्रो पूर्ण निर्भरतालाई यसले जोड दिन्छ, जुन कुनै पनि आत्मिक मूल्यको कुरा उत्पादन गर्नको निम्ति हामीबाट बहन्छ ।

## २. हामी कसरी निरन्तर ख्रीष्टमा रहन सक्छौं ?

ख्रीष्टमा रहन हामीलाई सहाय्ता गर्ने चार वटा महत्वपूर्ण तत्वहरू छन् ।

### (क) वचन

बाइबल पढ्नु स्पष्ट रूपमा बौद्धिक अभ्यास होइन- यो महत्वपूर्ण पोषण हो । जति धेरै हामीले परमेश्वरको वचन पढ्छौं र मनन गर्छौं, त्यति धेरै हामी उहाँजस्तै बन्छौं ।

**तपाईंको विरुद्धमा पाप नगरूँ भनेर तपाईंको वचन मैले मेरो हृदयमा सुरक्षित राखेको छु** (भजनसंग्रह ११९:११) ।

परमेश्वरको वचनले ज्योतिको रूपमा हामीलाई सुधार गर्न मात्रै निर्देशन गर्दैन तर प्रेम र सत्यतामा पनि अरूलाई सुधार गर्न निर्देशन गर्दै सेवा गर्दछ ।

**ख्रीष्टको वचन तिमीहरूमा प्रशस्ततासँग बास गरोस् । पूरा बुद्धिमानीसाथ एउटाले अर्कालाई सिकाओ र अर्ती देओ र परमेश्वरप्रति आफ्नो हृदयमा रहेको कृतज्ञतासाथ भजन, स्तुति र आत्मिक गान गाओ** (कलस्सी ३:१६) ।

पवित्रशास्त्रमा मनन गर्नु भनेको त्यसलाई पढ्नु जत्तिकै महत्वपूर्ण हुन्छ । यो जथाभावी हुनुहुँदैन, यो जानीजानी गरिएको र क्रमबद्ध हुनुपर्छ । त्यसपछि मात्रै वचनले हाम्रो मनलाई नवीकरण गर्न परमेश्वरसँग हाम्रो हृदय मिल्नलाई सहायता गर्न सक्छ ।

### (ख) प्रार्थना

प्रार्थन परमेश्वरसँग दुईतर्फी संचार हो- केवल आग्रहहरूको सूची होइन । प्राय: हामीले प्रार्थनालाई किन्नुपर्ने सामाग्रीहरूको सूचीजस्तो व्यवहार गर्छौं । तर साँचो प्रार्थना हाम्रो सृष्टिकर्तासँगको निरन्तर संचार हो ।

**निरन्तर प्रार्थना गरिरहो** (१ थेसलोनिकी ५:१७) । हामीले कसरी निरन्तर प्रार्थना गर्न सक्छौं ? हरेक दिन परमेश्वरसँग कुराकानी गरेर- गाडी चलाउँदा, हिँड्दा, खानेकुरा पकाउँदा वा सरसफाइ गर्दा, उहाँसँग तपाईंको जीवनको हरेक कुरा बाँडेर ।

### (ग) आज्ञाकारीता

तेस्रो तत्व आज्ञाकारीता हो । यूहन्ना १५:१० मा येशू ख्रीष्टले आज्ञाकारिता र उहाँमा रहने कुराबीचको संकेत प्रकट गर्नुहुन्छ । आज्ञाकारीता बोझले भरिएको कार्य होइन नता वैधानिक रूपमा माग हो । त्यसको साटो, यो परमेश्वरप्रति प्रेमले भरिएको प्रतिक्रिया हो ।

**तिमीहरूले मलाई प्रेम गर्छौ भने मेरा आज्ञाहरू पालन गर्नेछौ** (यूहन्ना १४:१५) ।

### (घ) संगति

हिब्रू १०:२४-२५ ले आपसमा भेटघाटको महत्वलाई उजागर गर्दछ । हालैको समयमा धेरै जना यूट्यूब मण्डलीसँग आरामदायी भएर हुर्केका छन् । जबकि अनलाइन स्रोतहरू अतिरिक्त आत्मिक वृद्धिको लागि हुन सक्छ, यसले भौतिक भेलालाई कहिल्यै प्रतिस्थापन गर्नुहुँदैन । यो परमेश्वरबाट स्पष्ट आज्ञा हो ।

ख्रीष्टियान समुदायले जिम्मेवारी, उत्साह प्रदान गर्दछ र बुद्धि बाँड्दछ - जसले ख्रीष्टसँग हाम्रो व्यक्तिगत हिँडाइलाई बलियो बनाउँछ ।

## ३. रहिरहने फल धैर्यता



*....Contd. to page 6*

GREAT COMMISSION PARTNERS
ECHO OF HIS CALL MINISTRIES
SINCE 1969

# महान् आज्ञा सहयोगीहरु

बाँड्न (गलाती ६:२), सहायता (रोमी १२:१३ र गति बढाउन (२ तिमोथी १:६)

PRAISE & PRAYER POINTS - From August 19, 2025 To September 18, 2025

(कृपया यो पृष्ठ निकालेर आफ्नो बाइबलमा राख्नुहोस् र निरन्तर प्रार्थना गर्नुहोस्)



## ✞ परमेश्वरलाई प्रशंसा गरौं...

अगस्त १९: मुख्य मण्डलीमा भएका युवायुवतीको निम्ति भएको हाम्रो जवान संगतिमाथि उहाँको आशिष्को निम्ति ।

अगस्त २०: जूलाइ १, २०२५ मा सन्थोसापूरममा भएको **नहेम्याह बाइबल कलेज** पुन:सुरु गर्न हामीलाई सक्षम बनाउनुभएको निम्ति ।

अगस्त २१: अगस्त १० २०२५ मा हाम्रो ५६ औ वार्षिक उत्सव संचालन गर्न आशिष् दिनुभएको निम्ति ।

अगस्त २२: समर्पित कर्मचारीहरू हामीलाई दिनुभएको निम्ति, जसले एकता र समर्पणताको साथमा सेवा गरेका छन् ।

अगस्त २३: **सेन्ट मेट्रिकुलेसन स्कुलका** प्रधानाध्यापक, कर्मचारी र विद्यार्थीहरूमाथि आशिष्को निम्ति ।

अगस्त २४: नैतिक र आर्थिक रूपमा हामीलाई सहायता गर्ने विश्वासयोग्य साझेदार हामीलाई उपलब्ध गराइदिनुभएको निम्ति ।

अगस्त २५: हाम्रा सम्पूर्ण कर्मचारी सदस्यहरू र उहाँका परिवारहरूलाई सुरक्षा दिनुभएको निम्ति ।

अगस्त २६: **सेन्ट पावलस् मेट्रिकुलेसन स्कूलमा** नयाँ भर्नाको निम्ति ।

अगस्त २७: हाम्रा सहयोगीहरूमाथि परमेश्वरको आशिष्को निम्ति ।

अगस्त २८: हाम्रो सिनियर पास्टर र उहाँको परिवारमाथि परमेश्वरको ईश्वरीय हेरचाहको निम्ति ।

अगस्त २९: हाम्रा **बोलावटको प्रतिध्वनिका** सहसम्पादकहरू र उहाँका परिवारहरूका निम्ति ।

अगस्त ३०: मिसन क्षेत्रमा भएका हाम्रा मिसनरीहरू र उहाँका परिवारहरूमाति परमेश्वरको सुरक्षाको निम्ति ।

अगस्त ३१: विगतको महिनाभरि हाम्रा आवश्यकता पूरा गर्न परमेश्वरको उपलब्धताको निम्ति ।

सेप्टेम्वर १: हाम्रा मण्डलीहरूमा नयाँ सदस्यहरू थपिनुभएको निम्ति ।

सेप्टेम्वर २: हाम्रो **नहेम्याह बाइबल कलेजहरूमा** नयाँ विद्यार्थीहरू भर्ना हुन अनुग्रहको निम्ति ।

सेप्टेम्वर ३: हाम्रा सहसम्पादकहरूको सहयोग र समर्पणताको निम्ति ।

## ✞ कृपया प्रार्थना गरौं...

सेप्टेम्वर ४: दुवै **बोलावटको प्रतिध्वनिका** मुख्य मण्डली र शाखा मण्डलीहरूमा भएका विश्वासीहरू र उहाँका परिवारहरूको हीतको निम्ति ।

सेप्टेम्वर ५: हाम्रा प्रार्थनाका साझेदारहरू, ग्राहकवर्गहरू, विश्वासका साझेदारहरू, जीवनका साझेदारहरू, महान् आज्ञाका साझेदारहरू र उहाँका परिवारहरूका आवश्यकता र रुचिको निम्ति ।

सेप्टेम्वर ६: हाम्रा प्रान्तीय संयोजकहरू र उहाँका संगतिहरूमा एकता र हीतको निम्ति ।

सेप्टेम्वर ७: महिला र बालबालिका विरुद्ध हिंसाको उन्मूलनको निम्ति ।

सेप्टेम्वर ८: हाम्रो सिनियर पास्टर रेभ. एस. साम सेल्भाराजको बहुसंख्या सेवकाइका सम्पूर्ण क्षेत्रहरू ताजा दर्शन र अभिषेकको निम्ति ।

सेप्टेम्वर ९: हाम्रा सम्पूर्ण कर्मचारी सदस्यहरू र उहाँका परिवारहरूका निम्ति ईश्वरीय सुरक्षाको निम्ति ।

सेप्टेम्वर १०: हाम्रो सुसमाचारीय छापाखाना र यसका कर्मचारीहरूका बीचमा कार्यसम्पादन अभिवृद्धिको निम्ति ।

सेप्टेम्वर ११: हाम्रो **नहेम्याह बाइबल कलेजको** निम्ति सामाग्रीहरू अनुवाद गर्ने र शिक्षण गर्ने हाम्रा सहकर्मीहरूको परिश्रमको निम्ति ।

सेप्टेम्वर १२: ख्रीष्टियान प्रचारकहरूले सुसमाचार विश्वासयोग्यपूर्वक र बिना सम्झौता घोषणा गरेका होऊन् ।

सेप्टेम्वर १३: हाम्रो **नहेम्याह बाइबल कलेजहरूमा** भर्ना वृद्धिको निम्ति ।

सेप्टेम्वर १४: सबै देशहरूका बीचमा एकता र शान्तिको निम्ति ।

सेप्टेम्वर १५: मद्यपान गर्नेहरू र दुष्ट काम गर्नेहढले साँचो पश्चात्ताप र रूपान्तरणको अनुभव गरून् ।

सेप्टेम्वर १६: हाम्रो सेवकाइको बिस्तार र सुसमाचार विश्वव्यापी रूपमा फैलिनको निम्ति ।

सेप्टेम्वर १७: हाम्रा सम्पूर्ण सहसम्पादकहरू र उहाँका परिवारहरूको सुरक्षा र हीतको निम्ति ।

सेप्टेम्वर १८: हरेक परिवारमा शान्ति आएको होस् ।

पृष्ठ ४ बाट

जब चार महत्वपूर्ण तत्वहरू हाम्रो जीवनमा निरन्तर उपस्थित हुन्छन्, हामी रहिरहने फल फलाउन हामी सुसज्जित हुन्छौं ।

येशू ख्रीष्टले आफ्ना चेलाहरूलाई केवल फल फलाउन भन्नुभएन, उहाँले रहिरहने फल फलाउन भन्नुभयो- रहिरहने फल, परीक्षाको समयमा धैर्य गर्ने फल ।

यो सेक्वइया रूखको चित्र हो- प्रकृतिमा धैर्यताको सबैभन्दा शक्तिशाली चिन्हमध्ये एक । यीमध्ये केही ठूला रूखहरू ३,००० वर्षदेखि खडा रहेका छन्, असंख्य आगो, आँधी र वातावरणीय परिवर्तनमा जिउँदै । यी कुनै पनि प्रकारका वृद्धिमा धैर्यता र संयमको महत्वलाई विशेष प्रकारले सम्झना दिलाउने तरिकामा सेवा गर्दछन् ।

साँचो वृद्धि- चाहे शारीरिक, बौद्धि वा सम्बन्धनात्मक- केवल निरन्तरको धैर्यताबाट मात्रै सम्भव हुन्छ । धैर्यता र संयम अन्तिमसम्म रहने विकासका दुई स्तम्भहरू हुन् ।

यहाँ चार चरणका वृद्धि छन् ।

### (क) सुरुवाति वृद्धि

प्राय: नयाँ विश्वासीहरू आत्मिक हनिमुन चरणबाट गुज्रन्छन्, जसलाई ध्यान दिन सकिने रूपान्तरण र महत्वकांक्षाबाट देखिन्छ । येशू ख्रीष्टसँग तिनीहरूका सुरुवातको सम्पर्कले देखिने र इमानदार परिवर्तन बाहिर ल्याउँछ, जबकि यी समय र परीक्षाबाट परीक्षित हुन बाँकी हुन्छ ।

### (ख) परीक्षाको मौसम

वृद्धिको कुनै पनि यात्रामा यो महत्वपूर्ण चरण हो । फल्ने सुरुवातको समयपछि त्यो वृद्धिको गहिराइ र सामर्थ्यलाई प्रकट गर्न प्राय: परीक्षाको मौसम सुरु हुन्छ । मत्ती १३ अध्यायमा, जब येशू ख्रीष्टले बिऊ छर्नेको दृष्टान्त बताउनुभयो, उहाँले वृद्धिको परिणाम कसरी माटोको प्रकारमा भर पर्छ भनेर देखाउनुभयो, जसमा बिऊ रोपिएको थियो । केही बिऊ तुरुन्तै उम्रिए तर सतावट र जीवनका चिन्ताको अधीनमा आइलाए ।

त्यसै गरी, कठिनाइको समयमा धेरै विश्वासीहरू पछि फर्कन्छन् भनेर तथ्यांकले देखाएको छ । प्राय: सोही पद्धति मानवीय सम्बन्धमा पनि अवलोकन गरिएको छ- प्रतिज्ञाको साथमा सुरु भएको कुरा समय, परीक्षा र दबाबले परीक्षित हुन्छ ।

### (ग) विश्वासयोग्य निरन्तरताको चरण

यो चरणले परिपक्व चेलापनलाई प्रतिनिधित्व गर्दछ । गलाती ६:९ ले हामीलाई सम्झना दिलाउँछ, **भलाइ गर्ने काममा हामी नथाकौं किनभने यदि हिम्मत हारेनौं भने ठीक समयमा हामी कटन गर्नेछौं ।**

यो समयमा धैर्यता महत्वपूर्ण हुन्छ । हामीले हरेस खान लागेको जस्तो महसुस गर्न सक्छौं, यो आत्मिक रूपमा सुख्खा समयजस्तो देखिन सक्छ- तर विश्वासमा अघि बढ्नाले साँचो आत्मिक परिपक्वतालाई प्रकट गर्छ । हाम्रा आत्मिक पुर्खाहरूले यही कुरालाई राम्ररी अनुकरण गरेका थिए ।

म सम्झन्छु, जब मेरो बुबाले हाम्रो मण्डली सुरु गर्नुभयो- सुरुवातमा, केवल मेरी आमा र म उहाँको पक्षमा थियौं । जब मेरी आमा सुत्केरी बिदामा जानुभयो, केवल हामी दुई थियौं । एक आइतवारदेखि अर्को आइतवारसम्म मेरो बुबाले सधैं मानिसहरूलाई बोलाउँदै हजारौंलाई सम्बोधन गरेझैं प्रचार गर्नुहुन्थ्यो । म अत्यन्तै सानी थिएँ तर म हरेक हप्ता आफ्नो हात उचाल्थें र उहाँले बोलाउनुहुँदा प्रतिक्रिया दिन्थें ।

दिनहरू बिते । महिनौं बिते । त्यहाँ दृश्य फल थिएन । तापनि मेरो बुबाले कहिल्यै हरेस खानुभएन । उहाँले निरन्तर विश्वासयोग्यपूर्वक विश्वासको आँखाको साथमा हेरिरहनुभयो ।

परमेश्वरलाई प्रशंसा भएको होस्- अन्त्यमा, प्रभुले हाम्रो मण्डलीलाई आशिष् दिनुभयो । यो केवल वृद्धि भएन तर भारतभरि र अन्य देशहरूमा पनि शाखाहरू स्थापना गर्न पनि सक्षम भएका थियौं ।

त्यसैले, निरन्तर अघि बढ्नुहोस् । हरेस नखानुहोस् । विश्वासमा आज हामीले जे रोप्छौं, परमेश्वरको सिद्ध समयमा सोही फल फलाउँछौं ।

### (घ) रहिरहने विरासत

परमेश्वरले रहिरहने विरासत छोड्न हामीलाई बोलाउनुभएको छ- मोशा, यहोशू, दानिए, पावल, पत्रुस, एस्तर, याएल, सहीदहरू र अन्य धेरै गरेका थिए ।

२ तिमोथी २:२ मा पावलले पुस्ताहढका बीचमा आत्मिक गुणनात्मक वृद्धिको बारेमा बताएका छन् । हामीले पुस्ताहरूका परमेश्वरको सेवा गर्दछौं र उहाँले हामीलाई रहिरहने फल फलाउन बोलाउनुभएको छ ।

हाम्रा छोराछोरी र भविष्यका पुस्ताले हामीसँगै माथि हेर्न सक्नुपर्छ । अभिभावकको रूपमा, तिनीहरूले पछ्याउन परमेश्वरलाई मन पर्ने विरासत पछि छोड्ने जिम्मेवारीको साथमा हामीलाई दिइएको छ । म आफ्ना हजुरबुबाआमा र मेरा अभिभावकप्रति गहन रूपमा कृतज्ञ छु, जुले मलाई परमेश्वरको मार्गमा विश्वासयोग्य रूपमा अगुवाइ गर्नुभयो । उहाँहरूलाई हेरेर र उहाँका वचनहरू सुनेर मैले

बाँकी पृष्ठ ८ मा

नहेम्याह सांझको बाइबल कलेज
चेपाउक र सन्थोसापुरम, Velachery चेन्नाइ
योग्यता: दश कक्षा र सोभन्दा माथि
भर्नाको लागि छिटो गर्नुहोस् ।
माध्यम: तामिल (Part Time)
Hindi (Residential) (Sponsorship Available)
ईश्वरशास्त्रमा डिप्लोमा
ECHO OF HIS CALL 1969-2019 REACHING NATIONS
विगत ५५ वर्षदेखि अन्तरराष्ट्रिय ख्रीष्टियान अगुवाहरु र सिनियर पास्टरहरुबाट पहिचान भएको
Contact : The Chairman, Nehemiah Bible College.
10, MOHAMMED ABDULLAH 2ND STREET, CHEPAUK, CHENNAI - 600 005, INDIA.
Phone : (+91-44) 2852 8282, Cell : (+91) 98410 71852 / 95661 31858
E.mail : sam@echoofhiscall.org / Website : www.echoofhiscall.org

## MAIN CHURCH PROGRAMMES

1. Prayer Service : 24 hours
2. **ECHO OF HIS CALL** - Monthly Magazines :English, Tamil, Malayalam, Telugu, Hindi, Kannada, Marathi, Gujarati, Bengali, Odiya, Nepali, Assamese, Punjabi, Urdu, Sinhala & Afrikan.
3. **BIBLECOR -** Basic Bible Courses (English, Tamil & Hindi)
4. Theological Correspondence Courses: English & Tamil
5. Nehemiah Bible Colleges (Chepauk, Santhoshapuram & Velachery)
6. Great Commission Partners (Network of Pastors)
7. Training Programmes – Seminars & Retreats
8. Crusades
9. Literature Distribution and Follow Up
10. Gospel Printing Press - Publications
11. St. Paul's Matriculation School - Village English High School
12. Sunday Schools (Chepauk) : 10.30 a.m. Sunday & (Velachery, Balaji Nagar & Santhoshapuram) 3.00 p.m. Sunday

| | | |
|---|---|---|
| 13. | **Early Morning Service** | **: 5.30 a.m. Sunday** |
| 14. | **Preliminary Service** | **: 8.00 a.m. Sunday** |
| 15. | **Tamil Service** | **: 8.30 a.m. Sunday** |
| 16. | **Youth Meeting** | **: 11.00 a.m. Sunday** |
| 17. | **Fellowship Lunch** | **: 1.00 p.m. Sunday** |
| 18. | **Telugu Service** | **: 4.00 p.m. Sunday** |
| 19. | **Hindi Service** | **: 5.00 p.m. Sunday** |
| 20. | **Tamil & English Service** | **: 6.00 p.m. Sunday** |
| 21. | Feedback Time | : 7.30 p.m. Sunday |
| 22. | Women's Prayer | : 5.30 p.m. Wednesday |
| 23. | Men's Prayer | : 7.30 p.m. Friday |
| 24. | Discipleship Meeting | : 6.00 p.m. Saturday |
| 25. | House Meetings | : 6.30 p.m. Tuesday & Thursday |
| 26. | Special Holy Communion | : 6.00 a.m. 1st day of each month |
| 27. | Ministers' Meeting | : 6.00 p.m. First Saturday |
| 28. | Parents' Prayer | : 4.00 p.m. First Sunday |
| 29. | Night Prayer | : 9.30 p.m. Third Friday |
| 30. | Fasting Prayer | : 9:30 a.m. Second Saturday |
| 31. | Holy Communion | : Second Sunday Services |
| 32. | Youth / Kid Prayer | : 10.00 p.m. daily (over phone) |
| 33. | Staff Devotion | : 9.00 a.m. daily |
| 34. | Office | : 9.00 a.m. to 9.00 p.m. (except Sundays) |

## बोलावटको प्रतिध्वनि पत्राचार कोर्स भारतमा भएकाहरुलाई मात्र

### १. बाइबलकोर

बाइबलको आधारभूत सत्यतामा नयाँ खीष्टियानहरू र गैह्रखीष्टियानहरूलाई अङ्ग्रेजी, हिन्दी र तामिल भाषामा हामीले पत्राचार कोर्स प्रस्तुत गर्छौं। तपाईंले **नयाँ जीवन – तपाईंको लागि** भन्ने शीर्षक भएको ७० पृष्ठको कोर्सको किताब पाउनुहुनेछ। तपाईंले यो कोर्स पूरा गरेपछि तपाईंलाई प्रमाणपत्र दिइनेछ। **कुनै पनि अनिवार्य शुल्कहरू यसमा लाग्नेछैन**। यो कोर्स भारतमा हुनुभएको व्यक्तिको लागि मात्र हुनेछ।

### २. ईश्वरशास्त्रीय पत्राचार कोर्स

पास्टरहरू, सुसमाचार प्रचारकहरू र खीष्टियान अगुवाहरूका लागि ईश्वरशास्त्रीय पत्राचार कोर्स भनिने आधुनिक पत्राचार शिक्षा पनि उपलब्ध छ। यसको लागि शुल्क रु. १,०००/– लाग्नेछ। १४२ पाठहरू भएको ७ वटा पुस्तकहरू उपलब्ध गराइनेछ। तपाईंले **सेवकाइमा प्रमाणपत्र** पाउनुहुनेछ।

**बिस्तृत जानकारीको लागि:**

**The Chairman, Nehemiah Bible College,**
Echo of His Call, **Post Box 2957**
CHEPAUK, CHENNAI - 600 005.
**Ph.: (044) 2852 8282, 2852 9293, 2854 7766,**
**Cell : 98410 71852, 95661 31858**
**E.mail : biblecor@yahoo.co.in**

## निःशुल्क मासिक पत्रिका बोलावटको प्रतिध्वनि प्राप्त गर्ने राम्रो अवसर

तपाईले आफ्ना साथीहरु / आफन्तहरुका ठेगानाहरु हुलाक, पत्र, इमेल, ह्वाटसएप वा फोनबाट हामीलाई पठाउन सक्नुहुन्छ भने हामीले निःशुल्क **बोलावटको प्रतिध्वनि** मासिक पत्रिका पठाउनेछौं।

## कर छुट

भारतबाट कुनै पनि व्यक्ति वा संस्थाबाट **Echo of his Call Educational Trust** लाई आउने सहयोग चन्दाहरूमा आयकर ऐनको खण्ड ८० जी अन्तर्गत आयकरको छुट छ। यस उद्देश्यको लागि आधिकारिक रसिद जारी गरिनेछ। कृपया यस्ता सहयोग चन्दाका लागि तपाईंका डिमाण्ड ड्राफ्टहरू/चेकहरू/मनी अर्डरहरू **Echo of his Call Educational Trust** को नाउँमा लेख्न हुन र आयकर छुट पाउनको लागि तपाईंको आधारकार्ड र प्यान पनि हामीलाई पठाउनुहोला।

| | |
|---|---|
| **Account Name** | **: ECHO OF HIS CALL EDUCATIONAL TRUST** |
| **Account Number** | **: 1023 2923 805** |
| **Bank Name** | **: STATE BANK OF INDIA** |
| **Branch** | **: TRIPLICANE, CHENNAI - 600 005** |
| **IFSC Code** | **: SBIN 0000249** |
| **SWIFT Code** | **: SBI NIN BB 455** |



# खाडलबाट दरबार

## (पास्टर एस. साम सेल्भाराजको जीवनका अनुभवहरू)

**“जसले पढ्छ, त्यसले बुझोस्” (मत्ती २४:१५)।**

## ...कसैले मेरो सेवा गर्छ भने पिताले त्यसको कदर गर्नुहुनेछ (यूहन्ना १२:२६)।

विभिन्न अवसरहरूमा परमेश्वरले मद्वारा महान् कार्यहरू प्रदर्शन गर्नुभयो। मुख्य कार्यालयका साथै बाहिर पनि सेवकाइमा आश्चर्यकर्म र चमत्कार प्रदर्शन गरेर परमेश्वरले मलाई सम्मान गर्नुभयो। यसैद्वारा यस सेवकाइको सुबास्ना संसारका विभिन्न भागहरूमा फैलिएको छ। परमेश्वरको नाउँ महिमित भएको होस्।

एक पटक मैले अस्ट्रेलियाको सिड्नी, मेलबर्न र ब्रिस्बेनमा सेवकाइ गरिरहेको थिएँ, धेरै मानिसहरूले परमेश्वरको महिमित छुवाइ महसुस गरेका थिए।

एक दिन अस्ट्रेलियाको एक जोडी मलाई भेट्न घरमा आउनुभएको थियो, जहाँ म बसोबास गर्ने गर्थें। तिनीहरू १३ वर्षदेखि विवाहित हुनुभए पनि तिनीहरूसँग कुनै बच्चा छैन भनेर मलाई बताउँदै गर्दा तिनीहरू रुँदै थिए। तिनीहरूले शान्तिपूर्वक सम्बन्धविच्छेद गर्न आवेदन गर्न लाग्नुभएको छ भनेर पनि बताउनुभयो। यसैको निम्ति प्रार्थना गर्न मलाई भन्नुभयो (उहाँहरूको देशमा सम्बन्धविच्छेद अत्यन्तै सामान्य छ)।

मैले निरासाको अनुभव गरें। त्यसैले, परमेश्वरले तिनीहरूलाई सन्तान देऊन् भनेर मैले प्रार्थना गर्न सक्छु कि भनेर मैले सोधें। उहाँहरू ममाथि हाँस्नुभयो र उहाँहरू धेरै प्रख्यात डाक्टरहरूकहाँ जानुभएको थियो र तिनीहरूले केही पनि गर्न सकेनन् भनेर मलाई बताउनुभयो। उहाँहरूले मलाई प्रश्न गर्नुभयो, प्रार्थनाले कसरी सन्तान ल्याउन सक्छ र ? त्यसैले, विश्वास, यसको परिणाम र परमेश्वरको शक्तिको बारेमा उहाँहरूलाई परामर्श दिन उहाँहरूसँगै बसें। पछि, मैले उहाँहरूका निम्ति आत्मामा इमानदारीपूर्वक प्रार्थना गरें।

परमेश्वरलाई प्रशंसा होस्। करिब दुई महिनापछि म अस्ट्रेलियाबाट भारत जान लागेको थिएँ। जब म विमानस्थलमा आइपुगेको थिएँ, मैले त्यो जोडीलाई उपहारको ठूलो पोको साथमा देखें। उहाँहरू करिब दश मिनेटसम्म विमानस्थलमा कराउनुभएको र रुनुभएको देखेर म अचम्ममा परें। पूरै भीडले त्यो देखिरहेको थियो।

अन्त्यमा, पतिले मलाई बताउनुभयो कि तिनको पत्नीले गर्भाधारण गरेकी थिइन् र डाक्टरहरूले त्यही दिन निश्चित गरेका थिए। तिनीहरू अत्यन्तै खुसी थिए र उपहारको पोकामा उहाँरूले धेरै लुगाहरू र मेरो सेवकाइको निम्ति उपयोगी थोकहरू राखिएको थियो। परमेश्वरले तिनीहरूलाई छोरी दिनुभयो र पछि उहाँले तिनीहरूलाई थप दुई छोराहरू दिनुभयो र तिनीहरूलाई आशिष् दिनुभयो।

प्रिय मित्र, तपाईंको जीवनमा पनि यस्तै आश्चर्यकर्म प्रदर्शन गर्न सक्नुहुन्छ। परमेश्वरमा विश्वास गर्नुहोस् र विश्वाससाथ उहाँसँग माग्नुहोस्। उहाँले तपाईंका सम्पूर्ण आवश्यकता पूरा गर्नुहुनेछ।

मैले प्रचार गर्ने प्रभु र मुक्तिदाता येशू ख्रीष्ट सन्तानहीन भएका जोडीहरूलाई बच्चा प्रदान गर्न, रोगी शरीरलाई निको पार्न र अन्य आशिष् दिन सक्षम हुनुहुन्छ। उहाँ हिजो, आज र सदासर्वदा समान हुनुहुन्छ। परमेश्वरलाई महिमा भएको होस्।

*पृष्ठ ६ बाट*

धेरै कुरा सिकेकी छु। उहाँहरूको धैर्यताको विरासतको निम्ति परमेश्वरलाई प्रशंसा होस्।

यूहन्ना १५:१६ ले हामीलाई सम्झना दिलाउँछ कि येशू ख्रीष्टले हामीलाई **जान र फल फलाउन- अन्तसम्म रहने फल फलाउन** छान्नुभएको छ। सबै मौसममा फललाई अन्तसम्म साँचो रूपमा रहिरहने बनाउने धैर्यता नै हो।

## ४. बाधाहरू र चुनौतीहरू

हामी सबैको चाहना प्रभुमा वृद्धि हुने र हाम्रो विश्वासमा स्थिर भएर रहने हो। तापनि, हाम्रा आत्मिक वृद्धिलाई रोक्ने वास्तविक चुनौतीहरू छन्।

### (क) व्यस्तता

सबैभन्दा ठूला बाधाहरूमध्ये एक व्यस्तता हो। समय बचाउने प्रशस्तै यन्त्रहरू र प्रविधिहरू भए पनि हाम्रो जीवन अत्यन्तै कोलाहलमय बनेको छ। धेरै समयतालिकाहरू- कार्यालयका जिम्मेवारीहरू, परिवारका प्रतिबद्धताहरू र साथै मण्डलीका क्रियाकलापहरूको साथमा भरिएका छौं- प्रायः आत्मिक मनन र वृद्धिको निम्ति थोरै स्थान दिन्छौं।

प्रायः मानिसहरूले भनेको हामीले सुन्छौं, म व्यस्त, व्यस्त, व्यस्त छु। मेरो विचारमा यो आधुनिक संसारको व्यस्त संसार हो। एक पटक मैले रोचक छोटो शब्द पढेको थिएँ, त्यसपछि मैले व्यस्त भन्ने शब्द भन्न छोडिदिएँ। व्यस्तको अर्थ शैतानको जुवाको अधीनमा रहिरहने हो। हाम्रा भित्तेपात्रोहरू यति धेरै भरिएका छन्, हामीसँग परमेश्वरसँग घनिष्ट सम्बन्ध बिताउन वा सँगी विश्वासीहरूसँगको संगतिमा आनन्द गर्न समय छैन भने प्रार्थनासहित हाम्रा समय पुनःजाँच गर्नुपर्ने समय यही नै हो। येशू ख्रीष्टको समयमा धेरै मागहरू भए पनि प्रायः उहाँले आफैंलाई शान्त स्थानमा लैजानुहुन्थ्यो (मर्कूस १:३५)। तपाईंको भित्तेपात्रोमा ध्यान दिएर हेर्न म तपाईंलाई उत्साह दिन्छु र उहाँमा रहने स्थान बनाउन तपाईंले केकस्ता क्रियाकलापहरू हटाउन सक्नुहुन्छ भनेर विचार गर्नुहोस्।

## (ख) डिजिटल बाधाहरू

औसत व्यक्तिले आफ्नो स्मार्टफोनमा मात्रै ३-४ घण्टा बिताउँछ भनेर तथ्यांकले प्रकट गर्दछ। अनि यो केवल सामान्य जनसंख्या हो- हामीले युवा पुस्तालाई विचार गर्ने हो भने तिनीहरू करिबकरिब निरन्तर आफ्नो डिभाइसमा छन्। हामीले बाइबल एप प्रयोग गरेर बाइबल पढ्ने कोसिस गर्दा पनि बारम्बार आउने नोटिफिकेसनबाट हाम्रो ध्यान गम्भीर रूपमा बाधा दिन सक्छ। परमेश्वरसँग हाम्रो समय बचाउन हामीले विचार र व्यावहारिक सीमाहरू बनाउनुपर्छ।

## (ग) पापको पद्धतिहरू

स्वीकार नगरिएका पापले परमेश्वरसँग हाम्रो सम्बन्धमा बाधा सृजना गर्छ। जसै यशैया ५९:२ ले भन्दछ, **...तिमीहरूका अधर्मले तिमीहरूलाई आफ्ना परमेश्वरबाट अलग गरेका छन्...।** दाऊदले पनि प्रार्थना गर्छन्, **आफ्नो दासलाई जानी-बुझी पाप गर्नुदेखि रोक्नुहोस्, तिनीहरूको प्रभुत्व ममाथि हुन नपाओस्** (भजनसंग्रह १९:१३)। जानी-बुझी गरिने पापको बारेमा हामी विशेष गरी सावधान हुनुपर्छ। त्यसलाई पहिचान गर्न सामर्थ्य र त्यसमाथि विजय गर्न अनुग्रहको निम्ति प्रभुसँग माग्नुहोस्।

## (घ) आत्मिक थकान

जब हामीले परमेश्वरसँग कम समय बिताउँछौं, हामीले कम भएको आत्मिक स्रोतको स्थानबाट सेवा गर्न सुरु गर्छौं। यसले अनिवार्य तनाव, तीतोपना र थकानतिर लैजान्छ। एक पटक चाहना र शक्तिको साथमा एक पटक दौडिएका मानिसहरू थकित भएका र चाँडै नै हरेस खाएका मानिसहरूलाई म प्रायः अवलोकन गर्छु।

हामीले स्वस्थ सन्तुलन कायम राख्नु महत्वपूर्ण छ। प्रभुको आनन्द हाम्रो सामर्थ्य रहिरहनुपर्छ। ताजा सामर्थ्य र दर्शनमा तानिँदै उहाँको उपस्थितिमा आफैंलाई हामीले निरन्तर पुनर्ताजा गर्नु जरुरी हुन्छ।

आज तपाईंमध्ये कसैले थकित भएको महसुस गर्दै हुनुहुन्छ भने याद राख्नुहोस्, येशू ख्रीष्टले बोलाउँदै हुनुहुन्छ:

**हे सबै थाकेका र बोझले दबिएका हो, मकहाँ आओ, म तिमीहरूलाई विश्राम दिनेछु** (मत्ती ११:२८)।

प्रिय दाजुभाइ तथा दिदीबहिनीहरू, परमेश्वरले हामीलाई कसरी फल फलाउन बोलाउनुभएको छ भन्ने कुरामा हामीले मनन गरिरहेका थियौं- अनि उहाँमा रहेर मात्रै यो कुरा सम्भव छ भनेर हामीलाई थाहा छ। उहाँमा हामी कसरी रहन सक्छौं र अन्तसम्म रहिरहने फल फलाउन सक्छौं भन्ने कुरामा हामीले मनन गरेका थियौं।

तापनि, हामी बाधाहरूका बारेमा पनि जानकार छौं। आत्मा तयार छ तर शरीरचाहिँ कमजोर छ।

म प्रार्थना गर्दछु, जसै हामी आफ्ना हृदय जाँच गर्छौं, प्रभुले हामी वृद्धि हुनुपर्ने क्षेत्रहरू प्रकट गर्नुहुनेछ ताकि हामी उहाँको राज्यको निम्ति अझ फलदायी बन्न सकौं।

परमेश्वरले हामीलाई निःशुल्क चाहनाको अमूल्य उपहार दिनुभएको छ- स्वतन्त्रता। प्रश्नचाहिँ यही हो: हामीले यसको साथमा के गर्नेछौं ?

उहाँको महिमाको निम्ति यसलाई प्रयोग गर्न हामीले छनोट गरौं।

************

**बोलावटको प्रतिध्वनि**

**सेवकाइहरू** **५७ औं वार्षिक**

**पहिलो सम्मेलन**

ECHO OF HIS CALL 1969-2019 GOLDEN JUBILEE REACHING NATIONS

मितिः
अगस्त ८ शुक्रवारदेखि अगस्त १० आइतवार २०२५ सम्म

**कृपया प्रार्थना गरिदिनुहोला र सहभागी भइदिनुहोला।**

**ECHO OF HIS CALL**
Main Church at Chepauk,
Chennai - 600 005.

बहिनी एन्जलिन सेल्भाकुमारी
**सहपास्टर**



**WANTED**



**1. COMPUTER OPERATORS (with typing knowledge)**
**2. ASSISTANT PRINTING PRESS OPERATORS**

Contact: ECHO OF HIS CALL (+91) 98412 71858, E.mail : sam@echoofhiscall.org

**NOTICE**

Save our mobile numbers (+91) 98410 71858, (+91) 98412 71858 (main numbers) in your mobile phones.

- Editor

Posted at "Egmore RMS Patrika Channel" RNI NO. TNNEP/2000/2841, Postal Regn. No. TN/CH/(C)/194/24-26 WPP NO. TN/PMG(CCR)/WPP-220/24-26

## Echo of His Call

**YouTube**
**Please subscribe**

Kindly view and subscribe our **Echo of His Call YouTube Channel** when you get time. Thanks. **- Editor**

## OUR BANK DETAILS:

### *1. Bank : State Bank of India*

Branch : **Triplicane, Chennai-5**
Name : **S. Sam Selva Raj**
A/C No. : **1023 2934 679**
IFSC : **SBIN 00 00 249**
SWIFT CODE : **SBI NIN BB 455**

### *2. Bank : ICICI Bank*

Branch : **Anna Salai, Chennai-6**
Name : **Echo of His Call**
A/C No. : **6038 0502 2319**
IFSC : **ICIC 000 6038**

### *3. Bank : State Bank of India*

**(This Account is for Tax Exemption for Indians only )**

Branch : **Triplicane, Chennai-5**
Name : **Echo of His Call Educational Trust**
A/C No. : **1023 2923 805**
IFSC : **SBIN 00 00 249**

**Google Pay: 98410 71858**
**PayPal : SAM SELVA RAJ**
*****
**E.mail : sam@echoofhiscall.org**

## ECHO OF HIS CALL

Monthly magazines in 16 languages, Bible Colleges, Postal Courses, Church Planting, Village English High School, Gospel Printing Press, Crusades, Seminars, Social Services, etc.

Annual Subscription : Rs. 100/- Life Subscription : Rs. 2000/-

The multifarious activities of **Echo of His Call Ministries** are supported by the free-will offerings and donations of God's children like you. You may support **Echo of His Call** and its activities as the Lord leads you. We need your help to send forth the Gospel to the unreached people and plant Churches.

If you would like to receive **ECHO OF HIS CALL** magazines regularly, please write to us with your e.mail Id and Cell Phone number. Whenever you change your postal or e.mail addresses, please do inform us your old and new addresses.

**Echo of His Call** is available in 16 languages in our website also. You can read them by going into the site as well as downloading them and get blessed.

Your letters, prayer requests and your financial helps (**Money Orders, Cheques or Demand Drafts, NEFT, PayPal (Sam Selva Raj, sam@echoofhiscall.org) PhonePe (98410 71858), Gpay (98410 71858), Western Union, MoneyGram, etc.**) to **ECHO OF HIS CALL** may please be sent to the address below.

Please send your **Land Phone / Mobile Phone Numbers and E.mail addresses** for updation.

Our address :

**ECHO OF HIS CALL**
10, MOHAMMED ABDULLAH 2ND STREET, CHEPAUK, CHENNAI - 600 005, INDIA
PH: (+91-44) 2852 8282, 2852 9293, 2854 7766/ Cell: (+91) 98410 71852, 95661 31858 / E.mails: sam@echoofhiscall.org / biblecor@yahoo.co.in
Websites: www.echoofhiscall.org / www.stpaulsmatriculation.org

**YOU CAN SEND YOUR DONATION ONLINE ALSO**

RNI NO. TNNEP/2000/2841
**Postal Regn. No. TN/CH/(C)/194/24-26**
**WPP NO. TN/PMG(CCR) / WPP- 220/24-26**
**Date of Publication: Third week of every month**
**Date of Posting : 15th & 16th of every month**
**Posted at "Egmore RMS Patrika Channel"**
**on 16th AUGUST 2025.**
**If un-delivered please return to:**
**ECHO OF HIS CALL (NEPALI)**
**P.O. Box No. 2957,**
**Chepauk, Chennai - 600 005, INDIA.**
**Phone: (+ 91- 44) 2852 8282, 2852 9293, 2854 7766**

***JESUS LOVES YOU!***

**To**

*GOD BLESS YOU!*

Owned and published by **S. Sam Selva Raj** from New No. 8 & 10, Old No.18 & 19, Mohammed Abdullah 2nd Street, Chepauk, Chennai-600 005 and printed by **S. Sam Selva Raj** at **Echo of His Call Printers,** New No. 8 & 10, Old No.18 & 19, Mohammed Abdullah 2nd Street, Chepauk, Chennai-600 005. Editor: **S. Sam Selva Raj.**